नेपाल सरकार

**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**

(प्रधानमन्त्री रोजगार कार्यक्रम)

सिंहदरबार, काठमाडौं

## आ.व. २०८१/०८२ को लागि न्यूनतम रोजगारीमा संलग्न हुन निवेदन दिने सम्बन्धी सूचना

चालु आर्थिक वर्ष २०८०/०८१ मा न्यून आय भएका वा स्वरोजगारमा संलग्न नरहेका १८(अठार) वर्ष देखि ५९(उनान्साठी) वर्ष उमेर समूहका बेरोजगार नागरिकले **२०८० फागुन महिना भरीमा आफू स्थायी बसोबास गरेको वडा कार्यालयमा सूचीकृत हुन निवेदन दिनु हुन** यो सूचना प्रकाशित गरिएको छ। निवेदनको ढाँचा र यस सम्बन्धी थप जानकारी स्थानीय तहमा रहेका रोजगार सेवा केन्द्र वा प्रधानमन्त्री रोजगार कार्यक्रमको वेबसाइट https://pmep.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

मंगलसेन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मंगलसेन, अछाम
सुदूरपश्चिम प्रदेश, नेपाल

☎: ०९७-६२०१३८
☎: ०९७-६२०१६५
email:
mmunicipalityachham@gmail.com
mmun.infoofficer@gmail.com
web: www.mangalsenmun.gov.np

पत्र संख्याः २०८०/०८१
चलानी नं. ८९४

मितिः २०८०/१०/२८
नेपाल सम्वत् ११४४ सिलाथ्व, ३ सोमवार

श्री वडा कार्यालय (सबै)
मंगलसेन नगरपालिका, अछाम

**विषयः न्यूनतम् रोजगारीमा संलग्न हुन निवेदन दिने सम्बन्धमा ।**

रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हक सम्बन्धी (दोस्रो संशोधन) नियमावली, २०७७ को नियम ७ को उपनियम १ र प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा १८ (१) बमोजिम आगामी आ.व. २०८१/०८२ मा रोजगार सेवा केन्द्रबाट आर्थिक तथा सामाजिक अवसरबाट बंञ्चित बेरोजगार व्यक्तिहरुलाई प्रदान गरिने १०० दिन बरावरको न्यूनतम् रोजगारीमा संलग्न गराई सार्वजनिक विकास निर्माणका काममा योगदान गर्न सक्ने १८ वर्ष उमेर पुरा भई ५९ वर्ष ननाघेका ईच्छुक बेरोजगार व्यक्तिहरुले बेरोजगार व्यक्तिको सूचिमा सूचिकृत हुन आफु स्थायी बसोबास गरेको सम्बन्धित वडा कार्यालयमा आवश्यक कागजातहरु सहित मिति २०८० फाल्गुन १ गते देखि फाल्गुन मसान्त सम्म तोकिएको ढाँचामा निवेदन दिन हुन सम्बन्धित सबैको लागि जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

***आवश्यक कागजातहरु***

१. निवेदकको नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी १ प्रति
२. निवेदकले कुनै सीपमूलक तालिम लिएको भए सो को प्रतिलिपी १ प्रति
३. निवेदकको फोटो १ प्रति
४. परिवारमा रहेको व्यक्तिहरुको नागरिकता प्रमाण पत्र वा जन्मदर्ता प्रमाण पत्रको प्रतिलिपी १ प्रति
५. बसाईसराई भएको भए सो को प्रमाण पत्रको प्रतिलिपी १ प्रति
६. निवेदकको वार्षिक पारिवारिक आम्दानी ।

कृष्ण बहादुर सोडारी
रोजगार संयोजक

खकेन्द्र बहादुर सोडारी
प्रमुख प्रशासकीय अधिकृत

नोटः क) आवेदन फारम सम्बन्धित वडा कार्यालय बाट उपलब्ध हुनेछ।
ख) आवेदन फारममा उल्लेखित भने बमोजिम विवरण भर्नुपर्नेछ। अपूर्ण विवरण भए मान्य हुने छैन
थप जानककरीको लागि सम्पर्क नं. ९८४८५००५३०/ ९८४८५१८५००